थाहा नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति कार्यविधि, २०८०

प्रस्तावनाः नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरूमा कार्यरत स्थायी शिक्षकहरूमध्ये दक्ष, कुशल, सक्षम र व्यवस्थापकीय क्षमता भएका शिक्षकलाई विद्यालयको प्रधानाध्यापक पदमा नियुक्त गरी शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ उपलब्धी र विद्यालयको समग्र व्यवस्थापनमा सुधार ल्याई सामुदायिक शिक्षाको गुणस्तर सुधार गर्न वाञ्छनीय भएकोले नगरपालिका शिक्षा ऐन २०७४ को दफा ४९ (१) ले दिएको अधिकार प्रयोग गरी नगरकार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

परिच्छेद-१
सक्षिप्त नाम र प्रारम्भ

१. **सक्षिप्त नाम र प्रारम्भः** (१)यस कार्यविधिको नाम "थाहा नगरपालिकाको सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति कार्यविधि, २०८०" रहेको छ। (१) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ।
(२) यो कार्यविधि थाहा नगरपालिका क्षेत्रभित्र मात्र लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

क. "ऐन" भन्नाले थाहा नगरपालिका शिक्षा ऐन, २०७४ लाई सम्झनु पर्दछ।

ग. "नगरपालिका" भन्नाले थाहा नगरपालिकालाई सम्झनु पर्दछ।

घ. "कार्यपालिका" भन्नाले थाहा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ।

ङ. "प्रमुख" भन्नाले थाहा नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ।

च. "उपप्रमुख" भन्नाले थाहा नगरपालिकाको उपप्रमुखलाई सम्झनु पर्दछ।

छ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले थाहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ।

ज. "शिक्षा समिति संयोजक" भन्नाले कार्यपालिका अन्तर्गतको शिक्षा सम्बन्धी विषयक्षेत्र हेर्ने समितिको संयोजक सम्झनु पर्दछ।

झ. "शिक्षा शाखा प्रमुख "भन्नाले शिक्षा शाखाको प्रमुख वा अधिकृत वा निजले तोकेको व्यक्तिलाई सम्झनु पर्दछ।

ञ. "प्रधानाध्यापक" भन्नाले यसै कार्यविधि बमोजिम नियुक्त प्रधानाध्यापक सम्झनु पर्दछ।

ट. "विद्यालय निरीक्षक" भन्नाले यसै नगरपालिकाको शिक्षा शाखामा कार्यरत अधिकृत कर्मचारी सम्झनु पदर्छ।

ठ. "शिक्षा शाखा" भन्नाले थाहा नगर कार्यपालिकाको शिक्षा शाखा सम्झनु पर्छ।

परिच्छेद-२
प्रधानाध्यापकको नियुक्ति

३. **प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** विद्यालयको शैक्षिक क्रियाकलाप सञ्चालन तथा विद्यालयको प्रशासनिक र व्यवस्थापकीय जिम्मेवारी वहन गर्न शैक्षिक तथा प्रशासनिक प्रमुखको रुपमा प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापकको व्यवस्था हुनेछ।

४. **सूचना प्रकाशन गर्नेः** (१)प्रधानाध्यापक नियुक्तिको लागि नगरपालिकाले (१५ पन्ध्र) दिनको समयसीमा दिई दफा ६ बमोजिमको योग्यता पुगेका व्यक्तिलाई दरखास्त दिनको लागि सूचना प्राकाशन गर्नेछ।

(२) उपदफा (१)बमोजिम प्रधानाध्यापक नियुक्तिको लागि नगरपालिकाले नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयमा एकैपटक वा चरणवद्ध वा तहगत रुपमा गर्ने गरी सूचना प्रकाशन गर्न सक्नेछ।

५. **दरखास्त दिनेः** (१) दफा ४ बमोजिम सूचना प्रकाशन भए पश्चात् प्रधानाध्यापक पदमा उम्मेदवार हुन इच्छुक व्यक्तिले तोकिएको समयसीमा भित्र विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना र आवश्यक कागजातको प्रमाणित प्रति संलग्न राखी तोकिए बमोजिमको फाराम भरी शिक्षा शाखामा दरखास्त दिन सक्नेछ। शिक्षा शाखाले पेश हुन आएका दरखास्त सङ्कलन र तिनको सूची तयार गरी प्रधानाध्यापक छनौट सहजीकरण समिति समक्ष पेश गर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त साथ पेश गर्ने विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना उम्मेदवार हाल आफै कार्यरत विद्यालय वा अन्य सोही (आ.वि.१-५ स्तर वा आ.वि. १-८ वा मा.वि. १-१०/१२) का विद्यालयसँग सम्बन्धित हुनु पर्नेछ।

६. **प्रधानाध्यापकको लागि दरखास्त दिन आवश्यक योग्यताः** देहायको योग्यता पुगेका व्यक्तिले प्रधानाध्यापक पदमा दरखास्त पेश गर्न सक्नेछ।

क. आधारभूत तह कक्षाः १-३ र १-५

(१) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको।

(२) कुनै राजनीतिक दलको सदस्यको नरहेको

(३) उच्च नैतिक चरित्र भएको।

(४) सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा पाँच बर्ष स्थायी सेवा गरेको।

ख. आधारभूत तह कक्षा १-८

(१) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको।

(२) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(३) उच्च नैतिक चरित्र भएको।

(४) सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा पाँच वर्ष स्थायी सेवा गरेको।

ग.माध्यमिक तह कक्षा १-१० वा १-१२

(१) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातकोत्तर तह वा सो सरह उतीर्ण गरेको।

(२) कुनै राजनीतिक दलको सदस्य नरहेको।

(३) उच्च नैतिक चरित्र भएको।

(४) सम्बन्धित तहको शिक्षक पदमा कम्तिमा पाँच बर्ष स्थायी सेवा गरेको।

कार्यविधिको परिच्छेद २ दफा ६ को क, ख र ग मा उल्लेख भएको योग्यता पुगेको व्यक्ति नभएमा वा पेश गरेको विद्यालय विकास प्रस्तावना वा विद्यालय सुधार योजनामा उत्तीर्ण हुन नसकेमा वा पेश नगरेमा साथै विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये उल्लिखित योग्यता पुगेका जेष्ठ शिक्षकले आफू प्रधानाध्यापक नियुक्त हुन मञ्जुर नभएको भनी लिखित निवेदन शिक्षा शाखामा बुझाएमा अस्थायी करार वा राहत दरबन्दीमा कार्यरतहरूलाई वा तहगत रुपमा तल्लो तहमा कार्यरत भए पनि शैक्षिक योग्यता पुगेका व्यक्तिहरूलाई पनि प्रधानाध्यापक नियुक्तिका लागि मौका प्रदान गरिनेछ।

७. दरखास्त फाराम समितिलाई बुझाउनेः (१) दरखास्त दिने म्याद समाप्त भएको मितिले सात दिनभित्र शिक्षा शाखाले आफूले तयार पारेको दरखास्त दिने सबै उम्मेदवारहरूको नामनामेसी सहितको सूची र सम्वद्ध कागजात प्रधानाध्यापक छनौट सहजीकरण समितिलाई उपलब्ध गराउनेछ।

(२) उपदफा (१)बमोजिम कागजात प्राप्त भएपछि प्रधानाध्यापक छनौट सहजीकरण समितिले सात दिनभित्र सूचनाको अवधिमा परेका निवेदन साथ प्राप्त कागजात रुजु गरी स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको- अलग अलग सूची तयार गरी प्रकाशन गर्नु पर्नेछ।

(३) प्रधानाध्यापक छनौट सहजीकरण समितिले स्वीकृत उम्मेदवारहरूको नामनामेसी विवरण र तिनले नगरपालिकामा पेश गरेको विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना प्रस्तुतीकरण मूल्याङ्कनको लागि विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिमा पठाउनु पर्नेछ।

८. प्रधानाध्यापक छनौटको लागि संस्थागत व्यवस्थाः (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक छनौट यस कार्यविधिको दफा ९ बमोजिमको आधार र मापदण्ड बमोजिम मूल्याङ्कन गरी योग्यताक्रमको आधारमा गरिनेछ।

(२) उपदफा (१)बमोजिम छनौट गर्ने सिलसिलामा उम्मेदवारहरूको विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजनाको मूल्याङ्कन, सो प्रस्ताव उपरको प्रस्तुतीकरण, प्रश्नोत्तर तथा छलफलको मूल्याङ्कन कार्य सम्पन्न गरी सोको सक्कल प्रति प्रधानाध्यापक छनौट सहजीकरण समितिमा पेश गर्न कार्यपालिकाले शिक्षा तथा व्यवस्थापनको क्षेत्रमा अनुभवी व्यक्तिहरू रहेको तीन सदस्यीय विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना मूल्याङ्कन समिति रहनेछ।

(३) उपदफा (२) बमोजिमका प्रयोजनको लागि नगरपालिकाले शिक्षा तथा व्यवस्थापनको क्षेत्रमा अनुभवी व्यक्तिहरूको रोस्टर तयार गरी सोही रोष्टरको आधारमा कार्यपालिका बैठकबाट व्यक्तिहरूको छनौट गरिनेछ।

(४) उपदफा (३) बमोजिम रोष्टर तयार पार्ने प्रयोजनको लागि नगरपालिकाले कम्तिमा १५ (पन्ध्र) दिनको समयसीमा दिई तोकिए बमोजिमको योग्यता पुगेका इच्छुक व्यक्तिहरूलाई विवरण पेश गर्न सार्वजनिक सूची आव्हान गर्नेछ।

(५) उपदफा (४) को अलावा यस प्रयोजनको लागि योग्यता पुगेको अनुभवी, सक्षम एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा परिचित व्यक्तित्वहरूसँग नगरपालिकाले विवरण तथा आवश्यक कागजात लिई ती व्यक्तिहरूको नाम विज्ञ व्यक्तिहरूको रोष्टर सूचीमा समावेश गर्न सक्नेछ।

(६) विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना मूल्याङ्कन समितिलाई देहाय बमोजिमको कार्य जिम्मेवारी हुनेछ।

(क) उम्मेदवारहरूले पेश गरेको विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना मूल्याङ्कन गरी अंक प्रदान गरिनेछ।

(ख) कौशल तथा दक्षता परीक्षणको लागि प्रधानाध्यापक छनौट सहजीकरण समितिबाट प्रकाशित सूचना बमोजिम तोकिएको मिति, स्थान र समय तालिकामा उम्मेदवारहरूले पेश गरेको विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना र समग्र विद्यालय सुधारको सम्बन्धमा सम्बन्धित उम्मेदवारको प्रस्तुतीकरण लिई सोसँग सम्बन्धित विषयमा प्रश्नोत्तर एवं छलफल गरी सोको मूल्याङ्कन गर्ने।

(ग) बुँदा नं. (क) र (ख) बमोजिमको मूल्याङ्कनको कार्य सम्पन्न गरी सो सम्वद्ध सिलबन्दी कागजात प्रधानाध्यापक छनौट सहजीकरण समितिमा पेश गर्ने।

(५) उपदफा (४) बमोजिमको कार्य विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना मूल्याङ्कन समितिले बढीमा दस दिनभित्र पूरा गरी सो सम्वद्ध सम्पूर्ण कागजात प्रधानाध्यापक छनौट सहजीकरण समितिमा पठाउनुपर्नेछ।

(६) मूल्याङ्कनलाई थप वस्तुनिष्ठ बनाउन र आफ्नो कार्यजिम्मेवारीलाई वैज्ञानिक ढङ्गले सम्पादन गर्न यस कार्यविधिमा उल्लेख गरिएको अलावा मूल्याङ्कनका थप आधार र मापदण्ड समिति आफैले तय गर्न सक्नेछ।

(७) विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना मूल्याङ्कन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठकको अध्यक्षता समितिको संयोजक वा वरिष्ठतम् सदस्यले गर्नेछ। समितिले आवश्यकता अनुसार आफ्नो कार्य जिम्मेवारीसँग सम्बन्धित विषयमा छलफल एवं जानकारीको लागि कुनै ब्यक्ति तथा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिका पदाधिकारीहरूको सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(९) प्रधानाध्यापक छनौट तथा सिफारिसको कामलाई सहजीकरण गर्न देहाय बमोजिमको प्रधानाध्यापक छनौट सहजीकरण समिति रहनेछ।

१. प्रमुख प्रशासकीय अधिकृत	- संयोजक
२. शिक्षा समिति संयोजक	- सदस्य
३. विषय विशेषज्ञहरू २ (दुई) जना	- सदस्य
४ शिक्षा शाखा प्रमुख	- सदस्य सचिव

(१०) प्रधानाध्यापक छनौट सहजीकरण समितिको काम कर्तव्य देहाय बमोजिम हुनेछ।

(क) प्रधानाध्यापक छनौट मूल्याङ्कन समिति गठनको लागि विज्ञको रोष्टर तयार पारी निर्णयको लागि कार्यपालिकामा पेश गर्ने।

(ख) सूचनाको अवधिमा परेका निवेदन साथ प्राप्त कागजात रुजु गरी स्वीकृत वा अस्वीकृत भएका उम्मेदवारको अलग-अलग सूची तयार गरी प्रकाशन गर्ने।

(ग) स्वीकृत उम्मेदवारहरूको शैक्षिक योग्यता, अनुभव ज्येष्ठता र तालिम र शिक्षण नतिजा वापतको अंकनको लागि उम्मेदवारले पेश गरेको सम्वद्ध कागजात अध्ययन गरी प्राप्ताङ्क कम्प्युटर प्रविष्टि र तालिकीकरण गर्ने।

(घ) स्वीकृत उम्मेदवारहरूले पेश गरेको विद्यालय विकास प्रस्ताव मूल्याङ्कन गरी अंक प्रदान गर्न प्राप्त हुन आएका प्रस्तावहरू विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना मूल्याङ्कन समितिलाई उपलब्ध गराउने ।

(ङ) कौशल तथा दक्षता परीक्षणको लागि मिति, स्थान र समय तालिका सहित सूचना प्रकाशन गर्ने ।

(च) विद्यालय विकास प्रस्ताव मूल्याङ्कन र प्रस्तुतीकरण एवं प्रश्नोत्तर र छलफल वापत उम्मेदवारहरूले प्राप्त गरेको अंकलाई मूल्याङ्कन समितिबाट प्राप्त गरी कम्प्युटरमा प्रविष्टि गर्ने ।

(छ) अन्तर्वार्ता सञ्चालनको लागि अन्तर्वार्ता समिति गठन गर्नको लागि विज्ञ रोस्टरको सूची नगर कार्यपालिकालाई उपलब्ध गराउने ।

(ज) कार्यपालिकाबाट अन्तर्वार्ता समिति गठन भएपछि अन्तर्वार्ता सञ्चालनको लागि सूचना प्रकाशन गरी तोकिएको मिति र समय तालिकामा अन्तर्वार्ता सञ्चालन गर्न अन्तर्वार्ता समितिलाई सहजीकरण गर्ने ।

(झ) अन्तर्वार्ता वापत उम्मेदवारहरूले प्राप्त गरेको अंक अन्तर्वार्ता समितिबाट प्राप्त गरी कम्प्युटर प्रविष्टि गर्ने ।

(ञ) सबै चरणमा प्रत्येक उम्मेदवारले प्राप्त गरेको अंक रुजु गरी प्राप्ताङ्कको आधारमा एकमुष्ट योग्यताक्रमको समष्टिगत सूची तयार गरी प्रकाशन गर्ने ।

(ट) प्रकाशित अन्तिम एकमुष्ट योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारहरूलाई प्रधानाध्यापकको रुपमा विभिन्न विद्यालयमा पदस्थापन गर्न सिफारिस साथ कार्यापालिकामा पेश गर्ने ।

(ठ) प्रधानाध्यापक छनौट तथा सिफारिससँग सम्बन्धित अन्य आवश्यक काम गर्ने ।

(११) प्रधानाध्यापक छनौट सहजीकरण समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

(१२) कार्य सम्पादनको सिलसिलामा समितिको बैठकमा आवश्यकतानुसार विषयक्षेत्रसँग सम्बन्धित विज्ञ, पदाधिकारी वा कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(१३) समितिको बैठकमा उपस्थित समितिका संयोजक एवं सदस्य र आमन्त्रित तथा प्रधानाध्यापक छनौट सम्बन्धी काममा खटिने कर्मचारीहरूलाई थाहा नगरपालिकाको कार्यसञ्चालन निर्देशिका बमोजिम भत्ता तथा सुविधा उपलब्ध हुनेछ ।

परिच्छेद- ३

प्रधानाध्यापक छनौटका आधार तथा मापदण्ड

९. प्रधानाध्यापक छनौटका आधारतथा मापदण्डः (१)सामुदायिक विद्यालयमा प्रधानाध्यापकको छनौटको लागि १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिनेछ । मूल्याङ्कनको आधार तथा मापदण्ड देहाय बमोजिम हुनेछ ।

खण्ड-क

शैक्षिक योग्यता, ज्येष्ठता, तालिम र अध्यापन नतिजा वापत कूल ३० अंक

(१) शैक्षिक योग्यता वापत	: १२ अंक
(अ) न्यूनतम शैक्षिक योग्यता वापत	: ८ अंक
क. विशिष्ट श्रेणी भए	: ८ अंक
ख. प्रथम श्रेणी भए	: ५ अंक
ग. द्वितीय श्रेणी भए	: ३ अंक

घ. तृतीय वा पास श्रेणी भए : २ अंक

ङ. श्रेणी नखुलेको भए द्वितीय श्रेणीकोप्रदान अंक गर्ने

(आ) माथिल्लो शैक्षिक योग्यता वापत : ४ अंक

क. विशिष्ट श्रेणी भए : ४ अंक

ख. प्रथम श्रेणी भए : २ अंक

ग. द्वितीय श्रेणी भए : १.५ अंक

घ. तृतीय वा पास श्रेणी भए : १ अंक

ङ. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अंक प्रदान गर्ने स्पष्टीकरणः माथिल्लो शैक्षिक योग्यता भन्नाले माध्यमिक तहको हकमा एमफिल स्नातकोत्तर, आधारभूत तह कक्षा १-८ को हकमा स्नातक वा सो सरह र आधारभूत तह कक्षा १-५ को हकमा स्नातक वा सो सरहलाई माथिल्लो योग्यता मानिने छ।

(२) शिक्षण अनुभव वापत- ७ अंक : सम्बन्धित तहमा स्थायी नियुक्ति पाई कामकाज गरेको शिक्षण अनुभवको लागि प्रति वर्ष०.५० अंकको दरले -बढीमा ७ अंक

(३) ज्येष्ठता वापत- ३. अंक

क. सम्बन्धित तहमा स्थायी भई प्रथम श्रेणीको शिक्षक भए : २.५ अंक

ख. सम्बन्धित तहमा स्थायी भई द्वितीय श्रेणीको शिक्षक भए : २ अंक

ग. सम्बन्धित तहमा स्थायी भई तृतीय श्रेणीको शिक्षक भए : १ अंक

(४) तालिम वापत : ५ अंक

(अ) शैक्षिक तालिम : सेवाकालीन तालिम वापत- ३ अंक

न्यूनतम् १० महिनाको प्रमाण पत्रसहितको सेवाकालीन तालिमका लागिः

क. विशिष्ट श्रेणी भए : ३ अंक

ख. प्रथम श्रेणी भए : २.५ अंक

ग. द्वितीय श्रेणी भए : २ अंक

घ. तृतीय वा पास श्रेणी भए : १ अंक

ङ. श्रेणी नखुलेको भए द्वितीय श्रेणीको अंक प्रदान गर्ने

(आ) विद्यालय व्यवस्थापनः- नेतृत्व विकास सम्बन्धी तालिम वापत २ अंक

क. शैक्षिक जनशक्ति विकास केन्द्र वा नेपाल सरकारबाट मान्यता प्राप्त सो सरहका तालिम केन्द्रले सञ्चालन गरेको नेतृत्व विकास सम्बन्धी कम्तिमा एक महिनाको तालिम लिएको भए २ अंक।

(५) अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत ३ अंक

अध्यापन गरेको विषयमा प्राप्त नतिजा वापत अंक दिँदा पछिल्लो तीन शैक्षिक सत्रमा प्रत्येक शैक्षिक सत्रको बढीमा १ अंकको दरले बढीमा ३ अंक दिइनेछ। अंक दिँदा प्रति वर्ष देहायका आधारमा दिइने छ। यस्तो अंक प्रदान गर्दा तीन भन्दा माथि भए शतप्रतिशत र २ देखि ३ भए ५०% र २ भन्दा कम भए ३०% अंक दिइनेछ।

अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत × १००

सम्बन्धित स्थानीय तहको विषयगत औसत उत्तीर्ण प्रतिशत

खण्ड-ख

विद्यालय विकास प्रस्ताव तथा विद्यालय सुधार योजना वापत देहाय बमोजिम ३० अंक हुनेछ।

१. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीय लगायत समग्र वस्तुस्थितिको विश्लेषण वापत ५ अंक

२. विद्यालयले हासिल गर्नुपर्ने अपेक्षित उपलब्धी वापत ३ अंक

३. विद्यालयको वर्तमान शैक्षिक, भौतिक, आर्थिक, व्यवस्थापकीयस्थिति र अपेक्षित उपलब्धी बीचको सूचकगत अन्तर विश्लेष वापत ४ अंक

४. अपेक्षित उपलब्धी हासिल गर्नको लागि शैक्षिक, भौतिक, आर्थिक र व्यवस्थापकीय क्षेत्रमा गर्नुपर्ने सुधार योजना (रणनीति तथा कार्यनीति र कार्यक्रम सहित) वापत १० अंक

५. प्रस्तावित योजना कार्यान्वयनको कार्ययोजना (आर्थिक खाका व्ययभार पर्ने र नपर्ने क्रियाकलाप छुट्याउनु पर्ने) र सोको मूल्याङ्कनका सूचकहरू वापत ६ अंक

६. प्रस्तावको भाषा, भाषिक शुद्धता, लेखाइको स्तर वापत २ अंक

खण्ड-ग

प्रस्ताव प्रस्तुतीकरण र छलफल वापत देहाय बमोजिम २० अंक हुनेछ।

१. प्रस्ताव प्रस्तुतीकरण वापत ८ अंक (अति उत्तम भए ८, उत्तम भए ७, र मध्यम भए ६)

२. प्रश्नोत्तर र छलफल वापत १२ अंक (अति उत्तम भए १२, उत्तम भए ११, र मध्यम भए १०)

खण्ड-घ

अन्तर्वार्ता वापत देहायबमोजिम २० अंक हुने।

१) व्यक्तित्व वापत २ अंक

२) आत्मविश्वास वापत २ अंक

३) भाषिक शुद्धता र स्पष्टता वापत २ अंक

४) नेतृत्व क्षमता वापत ३ अंक

५) विद्यालयको शैक्षिक गुणस्तर प्रतिको समर्पण भाव वापत ३ अंक

६) शैक्षिक प्रशासन सम्बन्धी ज्ञान वापत ३ अंक

७) शिक्षाका समसामयिक मुद्दाहरूलाई अवसरमा बदल्ने क्षमता वापत ५ अंक

(२) उपदफा (१) को खण्ड घ बमोजिमको अन्तर्वार्ता प्रयोजनको लागि नगर कार्यपालिकाले रोस्टर सूचीमा रहेका व्यक्तिहरूमध्येबाट विद्यालय विकास प्रस्ताव मूल्याङ्कन समितिमा नरहेका व्यक्तिहरू सम्मिलित तीन सदस्यीय अन्तर्वार्ता समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको समितिले आवेदकहरूको उपदफा (१) को खण्ड घ बमोजिमको आधारमा अन्तर्वार्ता लिई अंकन गरी बढीमा सात दिनभित्र अन्तर्वार्ता लिने कार्य पूरा गरी सो सम्वद्ध सम्पूर्ण कागजात प्रधानाध्यापक छनौट सहजीकरण समितिमा पठाउनुपर्नेछ।

(४) मूल्याङ्कनकर्ताले उपदफा (१) को खण्ड-ख (विद्यालय विकास प्रस्ताव सम्बन्धी मूल्याङ्कन), खण्ड-ग (प्रस्ताव प्रस्तुतीकरण र छलफल) र खण्ड-घ (अन्तर्वार्ता) वापत्अंक प्रदान गर्दा ४० प्रतिशत भन्दा कम र ७५ प्रतिशत भन्दा बढी अंक दिनु परेमा सो को पुष्ट्याइँ समेत दिनुपर्नेछ।

परिच्छेद- ४

प्रधानाध्यापक नियुक्ति प्रक्रिया तथा पदावधि

१०.प्रधानाध्यापक नियुक्ति प्रक्रियाः

(१) प्रधानाध्यापक छनौट मूल्याङ्कन समितिले यस कार्यविधिको दफा ९ को खण्ड-ख, ग र घ तथा प्रधानाध्यापक छनौट सहजीकरण समितिले ऐ. दफाको खण्ड-क. बमोजिम मूल्याङ्कन तथा अंकन गरी सो बमोजिम तयार भएको अन्तिम एकमुष्ट योग्यताक्रम सहितको सिफारिस कार्यपालिकाले स्वीकृत गरेपछि प्रमुख प्रशासकीय अधिकृतले उम्मेदवारहरूलाई प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्ति गर्दा एउटै विद्यालयबाट एक भन्दा बढीको नाम प्रधानाध्यापक नियुक्तिको लागि सिफारिस भएको अवस्थामा योग्यताक्रममा पहिलो नम्बरमा हुनेलाई निज कार्यरत विद्यालयमा र अर्को व्यक्तिलाई संभव भएसम्म निजलाई पायक पर्ने नजिकैको अर्को विद्यालयमा प्रधानाध्यापक नियुक्त गरिनेछ।

(३) उपदफा (१) बमोजिम नियुक्तिसँगै नवनियुक्त प्रधानाध्यापकले आफूले विद्यालय विकास प्रस्तावमा उल्लेख भएका कुराहरूलाई समयवद्ध ढङ्गले पूरा गर्ने गरी नगर प्रमुखको रोहवरमा शिक्षा शाखा प्रमुखसँग कार्य सम्पादन करार गर्नुपर्नेछ। प्रधानाध्यापकले आफूले काम गर्ने विद्यालयका शिक्षकहरूसँग सो विद्यालयको विद्यालय व्यवस्थापन समितिको रोहवरमा कार्य सम्पादन करार गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिम प्रधानाध्यापक नियुक्ति हुँदा एउटै विद्यालयबाट एक भन्दा बढी उम्मेदवार प्रधानाध्यापक नियुक्ति भएको वा एउटै विद्यालयमा पनि विगतमा प्रधानाध्यापक पदमा कार्यरत व्यक्ति भन्दा फरक व्यक्ति प्रधानाध्यापक नियुक्ति भएको अवस्थामा आभारभूत विद्यालय १-८ र माध्यमिक विद्यालय १-१०/१२ मा विषय शिक्षक मिल्ने गरी शिक्षकहरूको आन्तरिक सरुवा गरी मिलान गरिनेछ।

११. प्रधानाध्यापकको पदावधिः (१)प्रधानाध्यापकको पदावधि नियुक्ति भएको मितिले तीन वर्षको हुनेछ। पहिलो पटक प्रधानाध्यापक पदमा करार सम्झौता गरेको मितिले एक वर्षसम्म निजको परीक्षणकाल रहनेछ। निजको कार्यसम्पादन करारको आधारमा पहिलो वर्ष परीक्षणकालको मूल्याङ्कन, दोस्रो वर्ष मध्यावधि मूल्याङ्कन र तीन वर्षको अन्त्यमा अन्तिम मूल्याङ्कन गरिनेछ। यसरी मूल्याङ्कन गर्दा निजको कार्यसम्पादन सन्तोषजनक देखिएमा पुनः सो पदमा तीन वर्षको लागि एक पटक करार अवधि विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षा समितिले थप गर्न सकिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा प्रधानाध्यापकको पद रिक्त हुनेछ।

१. निजले विद्यालय व्यवस्थापन समिति समक्ष लिखित राजीनामा दिएमा।

२. कार्यसम्पादन करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको भनी विद्यालय व्यवस्थापन समितिको सिफारिसमा शिक्षा अधिकृतबाट पदमुक्त गरिनेछ।

३. पदीय र नैतिक आचरण विपरीतको काम गरेको प्रमाणित भएमा

४. निजको उमेर साठी वर्ष पूरा भएमा।

५. निजको मृत्यु भएमा ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन । तर परीक्षणकालका अवधिमा निजले शैक्षिक तथा प्रशासकीय नेतृत्व दिन नसकेको भनी विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएको र नगरपालिकाबाट अनुगमन हुँदा समेत सो कुरा स्पष्ट हुन आएमा प्रधानाध्यापकको पदबाट निजलाई हटाउन बाधा पर्ने छैन ।

१२. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः प्रधानाध्यापकको काम कर्तव्य र अधिकार प्रचलित कानून बमोजिम हुनेछ ।

१३. प्रधानाध्यापकको सुविधाः (१)यस कार्यविधि बमोजिम नियुक्त प्रधानाध्यापकलाई नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त हुने सेवा सुविधा उपलब्ध हुनेछ । नगरपालिकाले नगरपालिकाको आन्तरिक स्रोतबाट प्रधानाध्यापकलाई प्र.अ. भत्तामा १-५ सम्म सञ्चालन भएको विद्यालयको प्रअ का लागि रु.१५००, १-८, रु.२०००, १-१० रु.२५०० र १-१२ रु.३००० रुपैयाँ थप गरी नमुना विद्यालय बाहेकलाई थप गरी भुक्तानी दिइनेछ ।

१४. निमित्त प्रधानाध्यापकः विद्यालयमा कार्यरत प्रधानाध्यापक कुनै कारणले अनुपस्थित भएकोमा निज विद्यालयमा उपस्थित नभएसम्म वा जुनसुकै कारणले प्रधानाध्यापकको पद रिक्त भएकोमा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मको लागि सो विद्यालयमा कार्यरत शिक्षकहरू मध्ये माथिल्लो तह र श्रेणीको वरिष्ठतम् स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । तर वरिष्ठतम् स्थायी शिक्षकले लिखित रुपमा सो पद अस्वीकार गरेमा वरिष्ठताको पछिल्लो क्रममा रहेको स्थायी शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक तोक्नेछ ।

परिच्छेद-५
विविध

१५. बाधा अडकाउ फुकाउने अधिकारः यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ पर्न आएमा कार्यपालिकाले बाधा अडकाउ फुकाउन सक्नेछ ।

१६. व्याख्या गर्ने अधिकारः यस कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

१७. बचाउः यस कार्यविधिमा उल्लेख गरेदेखि बाहेकका विषयहरू थाहा नगरपालिका शिक्षा ऐन, २०७४ तथा प्रचलित ऐन, कानुन बमोजिम हुनेछ ।

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०७।२२

नगर प्रमुखबाट प्रमाणिकरण मितिः २०८०।०७।२४